# चिशंखुगढी गाउँपालिकाको विनियोजन ऐन, २०८१

चिशंखुगढी गाउँपालिकाको आ.व. २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

## प्रस्तावना

चिशंखुगढी गाउँपालिकाको आ.व. २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम चिशंखुगढी गाउँ सभाले अनुमोदन गरी यो चिशंखुगढी गाउँपालिकाको विनयोजन ऐन, २०८१ हुनेछ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम चिशंखुगढी गाउँपालिकाको विनियोजन ऐन २०८१ हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आ.व. २०८१/०८२को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आ.व. २०८१/०८२को निमित्त गाउँ कार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लेखित चालु खर्च पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम सहित जम्मा रकम रु. ४४,३६,४७,०००/- (अक्षरेपी चौवालिस

करोड छत्तिस लाख सठ्चालिस हजार पैसा) अनुमानित रकम एकिन गरिएकोले पूँजिगत तर्फ रु.१०,३२,५१,००० (अक्षरेपी दश करोड बत्तीस लाख एकाउन्न हजार मात्र) र चालु तर्फ रु. रु.३४,०३,९६,००० (अक्षरेपी चौतिस करोड तीन लाख छयानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरे बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न दिएको रकम आर्थिक वर्ष २०८१/०८२को निमित्त चिशंखुगढी गाउँपालिकाको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिन्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने गरी एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

**चिशंखुगढी गाउँपालिकाको आ.व. २०८१/०८२मा अनुमानित**

| क्र.सं. | आयस्रोतहरु | रकम रु.(हजारमा) | जम्मा (रु.) (हजारमा) |
|---|---|---|---|
| **क.१** | **संघीय अनुदान तर्फ** | | ४१.०३९८ |
| २ | राजस्व बाँडफाँड | ७.६९०० | |
| ३ | वित्तीय समानिकरण अनुदान | ७.८६०० | |
| ४ | सशर्त अनुदान | २२.७३९८ | |
| ५ | विशेष अनुदान | २.७५०० | |
| ६ | समपुरक अनुदान | ० | |

| क्र.सं. | आयस्रोतहरु | रकम रु.(हजारमा) | रकम रु.(हजारमा) |
|---|---|---|---|
| ख. | प्रदेश अनुदान तर्फ | | २.८७४९ |
| १ | वित्तीय समानिकरण अनुदान | ०.४५५४ | |
| २ | प्रदेश समपुरक कोष | ०.९७५० | |
| ३ | प्रदेश सशर्त अनुदान | १.२१५५ | |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | ०.२२९९ | |

| | | | |
|---|---|---|---|
| ग. | आन्तरिक आय | ०.४५०० | ०.४५०० |
| १ | आन्तरिक आय जम्मा | ४४.३६४७ | ४४.३६४७ |

सामाजिक सुरक्षा आ.व. २०८१/०८२मा बचत हुने बजेट हुने तथा अन्य निकायबाट प्राप्त हुने अनुदान यो बजेटमा समावेश गरिएको छैन। उक्त अनुदान तथा बजेटहरु प्राप्त भएमा आगामी कार्यपालिकाको बैठकमा पेश हुनेछन र कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछन।

## आ.व. २०८१/०८२को लागि अनुमानित खर्चः

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| क. | शसर्त अनुदान सहित चालुतर्फ प्रकृतिका कार्यक्रम तथा प्रशासनिक खर्च | ३४,०३,९६,०००।०० | ७६.७३% |
| १ | संघीय सरकार तथा प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त पूँजिगत तर्फ | ९,१४,२६,०००।०० | |
| २ | वडा पूँजिगत तर्फ | ६३,७५,००,०००।०० | |
| ख | जम्मा पूँजिगत खर्च | १०,३२,५१,०००।०० | २३.२७% |
| | कुल जम्मा खर्च अनुमान | ४४,३६,४७,०००।०० | |